म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- ३०८ २०८० असोज १७ गते बुधबार 4 October 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौंडा उपमहानगरका निर्णय सधैं गोप्य

# कार्यपालिका सदस्य नै अनविज्ञ, सञ्चारकर्मीलाई समेत दिइएन सूचना



*हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँसहित । फाइल तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठक हरेक महिनाको २ गते र १६ गते बस्ने कार्यतालिका छ। तर, चालु आर्थिक वर्षमा कार्यतालिकाअनुसार बैठक बस्न सकेको छैन । नियमित हुनुपर्ने बैठक हुन नसक्नु एउटा पक्ष छ भने कार्यतालिकाभन्दा अघिपछि बस्ने बैठकको निर्णय पनि सधैं गोप्य रहने गरेको छ। कार्यपालिका सदस्य रहने वडा अध्यक्षहरु समेत बैठकका निर्णयहरुबारे बेखबर रहने गरेको बताउँछन्। उपमहानगरले कार्यपालिका बैठकको निर्णय सञ्चारकर्मीलाई समेत उपलब्ध गराउँदैन।

चालु आर्थिक वर्षको साउन २४ गते र भदौ १८ गते दुइपटक कार्यपालिका बैठक बसेको छ । तर, उक्त बैठकका निर्णयहरु सार्वजनिक हुन सकेको छैन । निर्णयको विवरण माग्दा पनि कार्यकारी अधिकृत शिवराज चौलागाईले निर्णयको विवरण दिनुभएन । हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई आफू नगरप्रमुखको आदेशमा काम गर्ने व्यक्ति भएको बताउनुहुन्छ। हेटौंडा उपमहानगरपालिकाको बेभसाइट र आधिकारिक फेसबुक पेजमा पनि कार्यपालिका बैठकका निर्णय बारे केही उल्लेख गरिँदैन । हेटौंडा उपमहानगर पालिकाको वेभसाइटमा कार्यपालिका निर्णयहरुको कोलम नै राखिएको छ । तर, उक्त कोलममा २०७५ साल मंसिर १५ गतेयताका निर्णय राखिएको छैन ।

स्थानीय सरकारले गरेका निर्णय किन सार्वजनिक नगरिएको भन्ने प्रश्नमा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले सबै विवरण नआए पनि आवश्यक विवरण आइरहेको भन्दै पन्छिने प्रयास गर्नुभयो । नगरवासीले थाहा पाउन नहुने कस्ता निर्णय हुन्छन् र भन्ने विषयमा आगामी दिनमा सोच्न सकिने उहाँको प्रतिक्रिया छ ।

कार्यपालिका बैठक र निर्णयको प्रक्रिया पनि आश्चर्यजनक छ। स्थानीय सरकारको कार्यपालिका बैठकका निर्णय बैठककै दिन तयार हुँदैन। कार्यपालिका बैठकको निर्णय लेख्ने काम पनि बैठक सकिएको २ दिनपछिसम्म लम्बिने गरेको छ। उपमहानगरका प्रवक्ता सविन न्यौपाने भन्नुहुन्छ, "कार्यपालिका बैठकका निर्णय लेख्नै एकदिन लाग्न सक्छ । बैठकको निर्णय लेखेर नगरप्रमुखले प्रमाणित गर्नुहुन्छ। त्यसैले बैठकमा बुँदागत निर्णय गरेर एकदुइ दिनपछि निर्णयको दस्तावेज तयार पारिन्छ।"

नगर कार्यपालिकाका सदस्य समेत रहनुभएका एक वडा अध्यक्षको भनाइ अझ आश्चर्यजनक छ। ती वडा अध्यक्षले भन्नुहुन्छ, "निर्वाचित भएर आएदेखि कार्यपालिका बैठकको निर्णयको प्रति मैले समेत हेर्न पाएको छैन । बैठकको उपस्थितिमा मात्रै हस्ताक्षर गर्ने गरेको छु । तर, आगामी बैठकमा भने निर्णय लेखिसकेपछि हस्ताक्षर गरेर मात्रै बैठक कक्षबाट बाहिर निस्कन्छु ।" हेटौंडा उपमहानगरपालिकाको सुशासन समितिका संयोजक समेत रहनुभएका १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तानले कार्यपालिका बैठकका निर्णय सार्वजनिक हुनुपर्ने समृद्ध समाजको सरोकारलाई सकारात्मकरुपमा लिनुहुँदै आगामी दिनमा कार्यपालिका बैठकका निर्णय सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । "कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्नुपर्ने विषयप्रति तपाइँको चासो सकारात्मक छ", सुशासन समितिका संयोजक मोक्तानले भन्नुभयो, "अब म उपमहानगरको कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्ने सुनिश्चित गर्छु।"

## घुमुवा प्रहरी काण्ड

# डीएसपीको संयोजकत्वमा छानविन समिति गठन

समाज संवाददाता

हेटौंडाः घुमुवा प्रहरीको अवरोधका कारण एक बिरामीको बाटोमै मृत्यु भएको घटनाको छानविन गर्न जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति बनाएको छ । घटनाको सत्यतथ्य छानविन गर्न प्रहरी नायव उपरीक्षक भण्डारीको संयोजकत्वमा छानविन समिति गठन गरेको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सिताराम रिजालले जानकारी दिनुभएको छ ।

काठमाडौंमा उपचार सम्भव नभएपछि मकवानपुरको बकैया गाउँपालिका-१, धोवीडाँडाकी चिरमाया लोलाई घर लैजान लाग्दा हेटौंडामा आइतबार राती घुमुवा प्रहरी सहायक प्रहरी हबल्दार डिल्लीराम सिवाकोटीले अवरोध गरेका थिए । सादा पोशाकमा रहेका सिवाकोटीले प्रहरी हुँ भन्दै दुर्व्यवहार गर्नुका साथै हातपात समेत गरेपछि स्थिति तनावपूर्ण बनेको थियो । हेटौंडा-४, रानीदरबारमा काठमाडौंबाट आएको सुमोलाई छाडेर बकैयातर्फ जान अर्को सुमोमा सामान सार्दै गर्दा सहायक प्रहरी हबल्दार सिवाकोटी पुगेका थिए ।

सिवाकोटीको अवरोध र केहीबेरको तनावपछि सुरक्षागस्तीमा हिँडेको प्रहरी टोलीले घटनालाई साम्य पार्नुका साथै चिरमाया र उनको परिवारलाई जिल्ला प्रहरी कार्यालय पुऱ्याएको थियो । प्रहरीले रोकेकै कारण चिरमायाको सोमबार बिहान प्रहरी कार्यालय अगाडि एम्बुलेन्समै मृत्यु भयो । सहायक हबल्दार सिवाकोटीलाई उपचारका लागि चितवनबाट नेपाल प्रहरी अस्पताल महाराजगन्ज काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सिताराम रिजालले जानकारी दिनुभएको छ। मृतक लोको शव परिवारले सोमबार बिहान बकैयास्थित घरमै पुऱ्याएका छन् भने मंगलबार अन्त्येष्टि गरिएको छ ।

यस घटनालाई लिएर प्रदेश प्रहरी कार्यालय हेटौंडाको पनि ध्यानाकर्षण भएको बताइएको छ । बिरामीको उपचार गरिरहेका बेला डाक्टरमाथि भएको साँघातिक आक्रमण र घुमुवा प्रहरीको दुर्व्यवहारको घटनाले प्रहरी संगठनको भूमिकामाथि आमरुपमा आलोचना भइरहेको छ । यसै विषयमा प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआइजी) किरण राणा को ध्यानाकर्षण भएको स्रोतले जनाएको छ । डीआइजी किरण राणाले मकवानपुर प्रहरी प्रमुख सिताराम रिजालसँग घटनाबारे बुझेको स्रोतको भनाइ छ ।

# हेटौंडाका देवकोटा त्रिशुली नदीमा बेपत्ता

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२, चौकीटोलका निरञ्जन देवकोटा त्रिशुली नदीमा बेपत्ता भएका छन् । सोमबार साँझ ५ बजेको समयमा धादिङ जिल्लाको बेनिघाटस्थित नयाँपुलबाट त्रिशुली नदीमा हामफालेका ३८ वर्षीय देवकोटा बेपत्ता भएका हुन् । के कारणले देवकोटा नदीमा हामफाले भन्ने यकिन हुन सकेको छैन ।

देवकोटाको खोजीमा परिवारका सदस्य मंगलबार घटनास्थलमा पुगेका थिए। स्थानीयले नदीमा हामफालेको देखे पनि सोमबार अबेरसम्म पहिचान खुल्न सकेको थिए । सोमबार मध्यराती मात्रै सामाजिक सञ्जालमा देवकोटाले बेनिघाट पुलमा बेवारिसे अवस्थामा रहेको भन्ने पाइएपछि परिवारले घटनाबारे थाहा पाएको बताइएको छ । सोमबार नै भीमफेदी-कुलेखानी हुँदै काठमाडौं पुगेका देवकोटा साँझ धादिङको बेनिघाट पुगेको बताइएको छ ।

# दशैंको टीकाको शुभसाइत बिहान ११ बजेर २ मिनेटमा

काठमाडौंः नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको दशैंका विभिन्न साइत सार्वजनिक गरेको छ। असोज २८ गते आइबार बिहान ११:२९ बजे घटस्थापनाको साइत रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले ११:२९ बजेअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरेर घटस्थापना गर्नुपर्छ । असोज २९ गते सोमबार झण्डा फेर्ने साइत १०:१९ बजे रहेको छ। पश्चिम फर्केर झण्डा फेर्नुपर्ने उनले जानकारी दिए । कात्तिक २ गते बिहीबार पचली भैरव यात्रा गरिन्छ ।

कात्तिक ४ गते शनिबार फूलपाती परेको छ । फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ । मूलचोकमै भवानीलाई साक्षी राखेर महाअष्टमीका दिन राति कालरात्रि पूजासहित राज्यको तर्फबाट बोका र राँगाको बलि दिइन्छ । तुलजा भवानी यात्राको साइत बिहान ८:२४ बजे रहेको छ । तुलजा भवानीलाई बिहान ९:३५ बजे स्थिरासन गराइन्छ ।

कात्तिक ५ गते आइतबार महाअष्टमी, त्यसै राति कालरात्रिको पूजा गर्नुपर्ने समितिले जनाएको छ । कात्तिक ६ गते सोमबार महानवमी पर्व मनाइन्छ । कात्तिक ७ गते मंगलबार विजयादशमी परेको छ । घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई बिहान १०:३७ बजे विसर्जन गरिने साइत छ । विजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि बिहान ११:०२ बजेको साइत शुभ रहेको छ। टीका लगाउने मानिस पश्चिम मोहडा फर्किनुपर्ने समितिले जनाएको छ । त्यस दिनदेखि कोजाग्रत पूर्णिमासम्म दुर्गा भवानीको प्रसाद लगाउन सकिन्छ ।

विजयादशमीका दिन बिहान ९:०२ बजे तुलजा भवानीलाई मूल चोकबाट मूल मन्दिरमा फिर्ती यात्रा गराइने साइत छ । तुलजा भवानीलाई बिहान १०:०३ बजे स्थिरासन गराइने साइत पनि समितिले निकालेको छ। खड्गयात्रा पनि यसै दिन गरिनेछ ।

यस्तै, कार्तिक १० गते शुक्रबार अखिल बलि पूर्ति गरिन्छ । त्यसै रात कार्तिक ११ गते शनिबार कोजाग्रत पूर्णिमा पर्व मनाइन्छ । *(स्रोत: अनलाइनखबर)*

# असोज २६ मा उपमहानगरको वार्षिक समीक्षा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०७९/८० को समीक्षा यही असोज २६ गते गर्ने भएको छ । उपमहानगरपालिकाले महाशाखा तथा शाखागत वार्षिक प्रतिवेदन तयार पारेर समीक्षा गर्न लागेको हो । हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईले मंगलबार उपमहानगरका सबै महाशाखालाई वार्षिक समीक्षाका लागि तयारी गर्न निर्देशन दिनुभएको छ ।

गत आर्थिक वर्षमा महाशाखा तथा शाखाबाट सम्पादन भएका कार्यहरु, असल अभ्यास, प्रवाह भएका सेवा, गत आर्थिक वर्ष वर्षको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था एवम् समस्या र समाधानका उपायसहित प्रस्तुती गर्ने गरी असोज २३ गतेभित्र प्रतिवेदन तयार पार्न प्रमुख प्रशासकीय अधिकृत चौलागाईले निर्देशन दिनुभएको छ ।

हेटौंडा उपमहानगरपालिकाले गत आर्थिक वर्षको ३ अर्ब ३३ करोड १३ लाख रुपैयाँको बजेट बनाएको थियो। गत आर्थिक वर्षमा उपमहानगरले १ अर्ब ७० करोड ७२ लाख रुपैयाँ राजश्व परिचालन गरेको जनाएको छ भने चालुतर्फ एक अर्ब सात करोड ६६ लाख रुपैयाँ र पुँजीगततर्फ ७० करोड ८९ लाख रुपैयाँ मात्रै खर्च गर्न सफल भएको चालु आर्थिक वर्षको बजेट प्रस्तुतीको क्रममा उल्लेख गरिएको थियो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# प्रदेशसभाको बैठक आज बस्दै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक आज बुधबार बस्दैछ । प्रदेशसभा बैठक आज बुधबार ४ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

मंगलबार बस्ने दिउँसो २ बजे बस्ने भनिएको प्रदेशसभाको बैठक स्थगित भएको थियो । बैठक बस्नु केहिबेर अघि प्रदेशसभा सचिवालयले बैठक स्थगित गरिएको सूचना जारी गरेको हो ।

बैठक बस्ने समय गुज्रिन थालेकै अवस्थामा प्रदेशसभा सचिवालयले बैठक स्थगित गरेको सूचना टाँसेको थियो । सोमबार प्रदेशसभा बैठकमा घम्साघम्सी भएपछि मंगलबारका लागि डाकिएको बैठक पनि अचानक स्थगित गरिएको हो ।

प्रदेशसभाको प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले भने आफ्ना माग पूरा नभएसम्म बैठक सञ्चालन हुन नदिने अडान लिएको छ । मंगलबारको बैठक पनि एमालेकै अडानका कारण स्थगित भएको हो । एमालेले सोमबार नै यथास्थितिमा बैठक सञ्चालन हुन नदिने प्रष्ट पारेको थियो ।

प्रदेश सरकारले ल्याएको प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रक्रिया मिचेर ल्याइएको भन्दै एमालेले विरोध गरेको हो। उक्त विधेयक प्रक्रियागत ढंगले ल्याउनुपर्ने एमालेको माग छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# सम्पादकीय

## समृद्धिबारे अन्यौलता

केही वर्षअघि मुलुकमा “समृद्ध नेपाल, सुखी नेपाली”को नारा व्यापक प्रयोग गरियो । करिब ६ वर्षअघि नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार गठन भएपछि यो नारा अघि सारिएको थियो । तत्कालीन केपी ओली नेतृत्वको सरकारले देश समृद्ध बनाएर नेपालीहरुलाई सुखी तुल्याउने नारा अघि सारेको भए पनि नाराअनुसारको उल्लेख्य काम भने केही भएन । नेपालीहरुले समृद्धिको सपना देखेको करिब एक शताब्दी भइसकेको छ । राणा शासनको समयमा नागरिकहरु सबै प्रकारका अधिकारबाट वञ्चित भएका कारण राणा शासनविरुद्ध राजनीतिक गतिविधि सुरु भएसँगै नेपालीहरुले समृद्धिको सपना देखेका थिए । सशस्त्र संघर्षको बलमा राणा शासनलाई परास्त गरेको नेपालीहरुले त्यसपछि पनि धेरै प्रकारका राजनीतिक परिवर्तनका लागि संघर्ष गर्दै आएका छन् । पछिल्लो समयको राजनीतिक उपलब्धीको रुपमा राजतन्त्रको अन्त्य भयो । दुई पटक संविधानसभाको निर्वाचन गरेर जनताकै प्रतिनिधिबाट संविधान जारी गरियो । समृद्धिकै सपना साकार पार्न संघीयता लागू भएको भए पनि समृद्धि नेपालीका लागि सपनामात्र भइरहेको छ ।

सोमबार हेटौंडामा आयोजित एक कार्यक्रममा नेपाल सरकारका उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले राजनीतिक परिवर्तनले पनि समृद्धि प्राप्त हुन नसकेको बताएका छन् । उनले देशमा राजनीतिक परिवर्तनको निर्देशनअनुसार समृद्धि प्राप्त हुन नसकेको बताउनुभएको हो । नेपालमा राजनीतिक परिवर्तनअनुसारको अवस्था परिवर्तन नभएकाले जनताको आवश्यकता पूरा हुन नसकेको उनको भनाइ छ । समृद्ध मुलुक आजको आवश्यकता भएको उनले बताएका छन् । वर्तमान सरकार र गृहमन्त्रीको हैसियतमा आफैले सुशासनको अभियान अगाडि बढाएको उनले दावी गरेका छन् । प्रजातन्त्र स्थापना भएको ६ दशकपछि जनयुद्ध, जनआन्दोलनपश्चात् संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान कार्यान्वयन गर्न सकिएको भन्दै मन्त्री श्रेष्ठले वर्तमान सरकार सुशासन, समृद्धि र सामाजिक न्यायको मूल सिद्वान्त लिएर अगाडि बढेको दावी गरे पनि आम नागरिकले त्यस्तो महसुस गर्न सकेका छैनन् । भुटानी शरणार्थी काण्ड, ललिता निवास काण्ड र सुन तस्करी काण्डजस्ता ठूला-ठूला भ्रष्टाचारको अनुसन्धान गरेर कारबाही अघि बढाउन वर्तमान सरकार सफल भएको उनको भनाइ छ ।

गृहमन्त्री श्रेष्ठले दावी गरेजस्तो देशको अवस्थामा सुधार भएको छैन । केही भ्रष्टाचारका घटनामा सरकारले अनुसन्धान अघि बढाएर दोषीलाई कारबाही गर्न खोजेको भए पनि वास्तविकता त्यस्तो छैन । शरणार्थी, ललिता निवास तथा सुनकाण्डमा राजनीतिक दलका शीर्ष नेताहरु समेतको नाम जोडिएको भए पनि सरकारले उनीहरुविरुद्ध प्रभावकारी अनुसन्धान गर्न सकेको छैन । बरु राजनीतिक दलहरुको भागबण्डामा छानविन आयोग गठनको विषय उठाएर यस्ता घटनाको अनुसन्धान र कारबाही प्रक्रियालाई कमजोर बनाउन सबैजसो राजनीतिक दलहरु अग्रसर भइरहेका छन् । यसले राजनीतिक दलहरुले नारा तथा भाषणमा भन्ने गरेको जस्तो देश र नागरिकलाई समृद्ध बनाउने भन्दा पनि आफू र आफ्नालाई समृद्ध बनाउन खोजेको स्पष्ट हुन्छ ।

मुलुकको विकासको ढोका मानिएको संघीयता नै अहिले अभिषाप बन्ने हो कि भन्ने अवस्था आएको छ । संघीयताको महत्वपूर्ण आधारको रुपमा रहेको प्रदेश तहको संरचनामा राजनीतिक खिचातानी बढ्दो छ । तीन तहको सरकार भएपछि ती सरकारले विकास र समृद्धि ल्याउँछन् भन्ने आशामा बसेका नेपालीहरु अहिलेको संघ, प्रदेश र स्थानीय सरकारको गतिविधिप्रति सन्तुष्ट हुन सकेका छैनन् । सरकारले प्रभावकारी काम गर्न नसकेकै कारण मुलुकको अर्थतन्त्र धराशायी बन्दै गएको छ । राजस्व असुली कमजोर बनेको छ । चालु खर्च चुलिँदै गएको छ भने पुँजीगत खर्च खुम्चिइरहेको छ । आयात उच्च दरमा वृद्धि हुँदा व्यापार घाटा कहालीलाग्दो छ । सरकारको कार्यशैली र अर्थतन्त्रको अवस्थाले सुख र समृद्धिको आशा पूरा हुने अवस्था छैन । नारा र भाषणमा भन्ने गरेको समृद्धि र सरकारको कार्यशैलीबीच कुनै तालमेल देखिँदैन । यसले समृद्धि नै अन्यौलमा पर्ने निश्चित छ । भष्ट्राचारका ठूला-ठूला काण्ड बढ्नु, तस्करी मौलाउनु, दण्डहिनताले प्रश्रय पाउनु, हत्या, हिंसा, बलात्कार जस्ता आपराधिक घटना बढ्दै जानुले समृद्धिबारे सरकार स्पष्ट नभएको देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बाँकी बक्यौता रकम केही न केही हात पर्ने समय छ ।
**वृष** : भ्रमण योगबाट लाभ प्राप्त हुने समय छ ।
**मिथुन** : व्यापार-व्यवसायबाट लाभ प्राप्त होला ।
**कर्कट** : शान्त र स्थिर मतिले आनन्द प्राप्त हुनेछ ।
**सिंह** : दिकदारी र चिड्चिडापन बढ्न सक्नेछ ।
**कन्या** : भेटघाटका काममा सरिक भइने समय योग छ ।
**तुला** : घमण्ड र अहंकारको उदय हुने समय छ ।
**वृश्चिक** : आफन्तसँग आत्मीयता बढ्ने समय योग छ ।
**धनु** : साथी र आफन्तबाट सहयोग प्राप्त हुने समय छ ।
**मकर** : व्यापार व्यवसाय मध्यम फलदायी रहने योग छ ।
**कुम्भ** : घुमघाममा समय व्यतित हुने समय योग छ ।
**मीन** : धन र ऋण दुबै बढ्न सक्ने योग छ ।

# “सिद्धार्थ शिशु सदनमा नेतृत्व चयन (प्रतिवेदन)



**हिमानी चौधरी**

हेटौंडा-५, सानोपोखरास्थित सिद्धार्थ शिशु सदन माविका प्रिन्सिपल निर्मल पराजुलीको नेतृत्वमा विद्यालयमा गत शुक्रबार निर्वाचन कार्यक्रम सम्पन्न भयो । यस वर्ष निर्वाचनलाई प्रभावकारी बनाउनका निम्ति विद्यालय परिसरमा निर्वाचन आयोगको कार्यालयबाट मतपेटिका, मतदानस्थल निर्माणका लागि आवश्यक सामग्रीहरू ल्याएर प्रयोग गरेको थियो । विद्यार्थीलाई चुनावको महत्वबारे बोध गराउन मिति २०८० साल असोज महिनाको १२ गते विद्यालय परिवारले निर्वाचन प्रयोजनमा विद्यार्थीको सक्रिय संलग्नता जनाएका थिए । निर्वाचन सम्पन्न गरियो र विद्यार्थी प्रतिनिधित्व पनि छानियो ।

**निर्वाचनका उद्देश्यहरू**,

विद्यालयको क्याप्टेन, भाइस क्याप्टेन र हाउस क्याप्टेन भाइस क्याप्टेन चयनका लागि आयोजना गरिएको निर्वाचन कार्यक्रमको उद्देश्यहरू निम्न छन्,

- विद्यार्थीलाई निर्वाचनको प्रक्रियाबारे अभ्यास गराउन र आ-आफ्नो पदमा रही भूमिका निर्वाह गर्न,
- विद्यालयप्रतिको जिम्मेवारीतर्फ सजग र सचेत विद्यार्थीलाई बनाउन,
- विद्यार्थीमा आत्मविश्वास र नेतृत्व गर्ने क्षमताको अभिवृद्धि गरी समग्र विकास गर्न,
- विद्यार्थीलाई व्यवहारिक र सैद्धान्तिक ज्ञानको बारेमा अवगत गराउन,

**विधिः**

सिद्धार्थ शिशु सदन माविले निर्वाचन-२०८० लाई फलदायी र लाभदायी तुल्याउनका निम्ति अपनाएको विधि यसप्रकार छन्,

सर्वप्रथम त विद्यालयका केही प्रशिक्षकहरू निर्वाचन आयोगको कार्यालयमा पुगेर निर्वाचन प्रयोजनका लागि मतपेटिका, मतदानस्थल निर्माणका निम्ति आवश्यक सामग्रीहरु जस्तै मार्कर, डोरी, महिला र पुरुषको छुट्टा छुट्टै बुथहरू बनाइयो । प्राथमिक विधिमा बुथको व्यवस्थापन गरियो । शिक्षक र विद्यार्थीलाई परिचालन गरियो अनि यसरी निर्वाचन सम्पन्न गरियो । त्यसैगरी, द्वितीय विधिमा स्थलगत अध्ययन र त्यो सँगसँगै पाठ्यपुस्तकको पनि अध्ययन गरियो । अनि निर्वाचन प्रक्रियासम्बन्धी सम्पूर्ण क्रियाकलापहरू गरियो ।

**पत्ता लगाएका कुराहरू**

निर्वाचन सम्पन्न गर्नका लागि सुरुमा निर्वाचन मण्डल गठन गरियो । त्यसपछि, मतदान केन्द्रको व्यवस्थापन गरिनुका साथै मतपेटिकाको व्यवस्था पनि मिलाइयो । त्यसैगरी, मतपत्र वितरण गरियो र लामबद्ध भएर मतदान गरियो । त्यसपश्चात् मतगणना गरियो अनि निर्वाचनको परिणाम घोषणा गरियो ।

शुक्रबार विद्यालयमा भएको निर्वाचनबाट क्याप्टेनको उम्मेदवारमा उठेका छात्र कृपेश पाठक र असिम कुइकेलमध्ये गणनाअनुसार असिम कुइकेललाई विजेता घोषित गरियो । क्याप्टेनको उम्मेदवारमा उठेका छात्रा प्रशंसा अर्याल र हिमानी चौधरीको मतगणना गरेपछि प्रशंसा धेरै मतले विजय भइन् ।

विद्यालयले निर्वाचनमा स्कुल क्याप्टेनसँगै स्कुल भाइस-क्याप्टेन, हाउस क्याप्टेन र भाइस-क्याप्टेन पनि चयन गरेको छ । निर्वाचनमा ५ देखि १० सम्मका ३ सय ४४ विद्यार्थीले मतदान गरेका थिए । स्कुल भाइस क्याप्टेनमा छात्र अग्रिम खड्का कक्षा ३ बाट विजयी भयो भने छात्रा प्रीति यादव स्कुल भाइस क्याप्टेनमा निर्वाचित भइन् ।

रेड हाउस क्याप्टेनमा कक्षा-८ बाट सुलभ झा र भाइस क्याप्टेनमा विश्व बेलवासेले जित हासिल गरे । ग्रीन हाउस क्याप्टेनमा कक्षा ८ का आदित्य पराजुली र भाइस क्याप्टेनमा शिशिर बस्नेत विजयी भए । ब्लु हाउस क्याप्टेनमा कक्षा ९ का प्रमिस गुरुङ र भाइस क्याप्टेनमा कक्षा ६ का कृतार्थ ढोडारी विजय घोषणा गरियो ।

**निश्कर्ष**

पहिलो हाउस क्याप्टेनमा कक्षा ८ का छात्र शुभम् कार्की र छात्रा आशिका ढकालले पहिलो हाउस भाइस क्याप्टेनको विजेता भए । यसरी मतदान सम्पन्न गरेर निर्वाचनको प्रक्रिया समापन गरियो । उम्मेदवारमध्ये विजयी भएकालाई सम्मान गरियो । निर्वाचनको कार्यक्रमले विद्यार्थीको हौसला बढ्यो । नमुना निर्वाचन-२०८० लाई यसप्रकार समापन गरियो । सैद्धान्तिक ज्ञानलाई व्यवहारिक बनाउन निर्वाचनले एकदमै अहम् भूमिका खेलेको कुरा बोध गरियो ।

*कक्षा-१०, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५*

## तिमीलाई भेट्ने गन्तव्य



**सन्ध्या बस्नेत**

पर्खाइको पीडामा भूलिरहेकी आज म
त्यहि सुनौलो दिनको प्रतिक्षामा छु,
मलाई हेर्दा देखिने त्यो हर्षमय मुस्कानको प्रतिक्षामा छु ।
आइदेउ न माया तिमी खोजिरहेछ यि आँखाले

ढाकियोस् यो जिन्दगी तिम्रै त्यो छायाँले,
बदलिएको छ मेरो दिनचर्या हेरेर त्यो पारीको क्षितिजलाई
आउँछु म हप्ता दिनको बिदा मागी तिमी भेट्नलाई,
तिमीलाई थाहा नहुन सक्छ माया तर तिमीलाई सम्झँदा मात्र पनि मलाई धेरै राहत मिल्छ,

भगवानमाथि म अब विश्वस्त छु किनकि, तिनले म कहाँ तिमीलाई पठाए
धन्य भए माया म, किनकि मैले अब तिमी पाएँ ।
तिम्रो त्यो हँसिलो मुहार त्यसमाथि त्यति चरित्र,
भन्दा धेरै बोले जस्तो लाग्ला माया तर म तिमीमा फिदा छु,

यहाँ एउटा भनाई छ नि, जहाँ भनिएको पाइन्छ कि
साथीको माया तारा जस्तै हुन्छ, टाढाबाट हेर्दा चम्किलो
तर नजिकबाट हेर्दा त्यति धेरै प्रकाश नभएको,
प्रेमीको माया औंसी र पूर्णिमा जस्तै हुन्छ घरि उज्यालो त घरि अँध्यारो,

र रह्यो कुरा अभिभावकको, उहाँहरुको माया सूर्यको जस्तै हुन्छ
जतिनै टाढा भएनि प्रकाश दिइरहने,
माया तिमीदेखि जति नै चित्त दुखेपनि मलाई तिमीसँगै हुन मन लाग्छ,
मलाई बुढेसकालमा तिम्रो सहायक बन्न मन लाग्छ,

अब मेरो जिन्दगीको एउटा ठुलो सपना छ, त्यो हो गन्तव्य
तिमीलाई भेट्ने गन्तव्य, तिमीलाई भेट्ने गन्तव्य ।

*कक्षा-१०, सिद्धार्थ शिशु सदन, हेटौंडा-५*

## किताब



**रोशनी तामाङ**

कति राम्रो किताब
पढ्न मन लाग्ने
निन्द्रा पनि भाग्ने
जाँगर पनि लाग्ने

पढ्छु पढ्छु किताब
म ज्ञानी भई
नयाँ किताब किन्छु
किताब हरायो भने रुन्छु

सधैं किताब पढ्ने
अघि-अघि बढ्ने
ठुलो मान्छे बन्ने
ज्ञानी भई बस्ने ।

*कक्षा-७*
*अमर मावि, हेटौंडा-१*

## मलाई याद छ



**वर्षा सञ्जेल**

विद्यार्थीहरु हामी
विद्यार्थीको ठाउँमा बस्न पाउँ
शिक्षकको मुहारमा
खुशी छर्न पाउँ ।

कलम मैले समात्छु
हात तिम्रै होस्
मनमा डर भएपनि
साथ तिम्रै होस् ।

जीवनमा जति ठूलो बाधा आएपनि
दिनुहुन्छ मलाई साथ
अहिले पनि कहाँ बिर्सेको छु र
छ मलाई याद ॥

*कक्षा-६, बालजागृति युवावर्ष मावि हेटौंडा-६*

## गजल



**जेनिशा अधिकारी**

पिडा भए नि झुटो मुस्कानले आँशु ढाकन थालेको छ
बाध्य हुँदै यो मनले तिमीलाई माया माग्न थालेको छ,

त्यतै केही भेटाएर हो कि त्यस्तै कोहीसँग बोल्न हो
तिमीलाई त म भन्दा टिकटक प्यारो लाग्न थालेको छ,

आफै बोलाउन त पर जाओस् मैले बोलाउँदा नि बेवास्ता गर्छौ
तिमीले नसुने पनि यो हृदयले तिम्रो नाम डाक्न थालेको छ ।

*कक्षा-१०, ब्रम्हदिक एकेडेमी*

## आमा



**साहस न्यौपाने**

आमा संसार हुन् मेरी उनलाई भगवान मान्छु म
मेरी आमा सधैं खुशी रहुन् त्यही चाहान्छु म

हात समाएर सानो बेलामा हिँड्न तिमीले सिकायौ
आज म ठुलो भएपनि सक्दिन त्यो कुराहरु बिर्सन

जति कठिन परिस्थिति आएपनि तिमीले मानेनौ कहिले हार
त्यसैले त सानैदेखि तिमी नै छौ मेरो प्रेरणाको संसार

आमा तिमी ममताकी खानी हौ
मेरा लागि तिमी सबैभन्दा ज्ञानी हौ

आमा तिमी महान छौ तिम्रो महिमा कसले गाउन सक्छ र
तिमीले गरेको जस्तो मायमा अरु कसले गर्न सक्छ र

*कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# स्वरोजगार बनौं



सिवानन्द यादव

स्वरोजगार बनौं भनेको अरुको मातहतमा नबसी आफ्नो विचार अनुकूल व्यवसाय गर्नु स्वरोजगार विभिन्न काम गरेर गर्न सकिन्छ। स्वरोजगार मानिसलाई जिमेवारीको अनुभूति गराउँछ। स्वरोजगार बनौं भने विचार कोहि अरबाट नमागौं। आफ्नो वृद्धि, क्षमताको ढोका खोलौं र यसका फाइदा बेफाइदालाई आफैंले दाँज्ने काम गरौं। स्वरोजगारले समाजको वृद्धि हुन्छ।

स्वरोजगार जस्तै साग खेती, च्याउ खेती तथा सम्पूर्णमा भन्दा तरकारी खेती गर्न सक्छौं। यसमा तरकारी खेती मात्रै होइन, च्याङ्ग्रा पालन, गाईपालन, धान, गहुँ, आलु, आदि जस्ता खाद्य वस्तु प्रशस्त मात्रामा उब्जाएर बेच्न सकिन्छ र आफ्नो जिवन धान्न सक्छौ। १० कक्षा, १२ कक्षासम्म पढेर खाडिमा जाने युवालाई अब सिपमुलक कार्यहरूमा संलग्न गराई त्यसलाई देशको अर्थतन्त्रको विकासमा क्रियाशील गराउन सकिन्छ।

स्वरोजगारमा संलग्न हुने मानिस सुरुवाती चरणदेखि पैसा चाहे जति आर्जन गर्दैन तर विस्तारै आफ्नो अनुभवहरुलाई बटुल्दै जाँदा उनीहरुले धेरै दूरसम्म आफ्नो जीवनको यात्रामा आआफ्नो समाजको एक समृद्ध नागरिक बन्न सक्छन्। इज्जत, मान, प्रतिष्ठा पनि कमाउन सक्छन्। हामीले भनेर होइन गरेर देखाउनु पर्छ भन्ने सङ्कल्प लिनुपर्छ।

*कक्षा-१०, भुटनदेवि मावि, हेटौँडा-४*

# समाजमा बढेको साइबर अपराध



अश्मि तिमल्सिना

समाजमा विविध खालका गतिविधि हुने गर्छन्। समाजमा हुने नकारात्मक खालका क्रियाकलापहरु नै सामाजिक समस्या हुन्। सामाजिक समस्या र विकृतिका कारणहरु भने शिक्षाको अभाव, अन्धविश्वास, लैगिक विभेद, सामाजिक सञ्जालको दुरुपयोग आदि हुन्।

दिन प्रतिदिन इन्टरनेटको विकास र विस्तारसँगै विकास भएका सामाजिक सञ्जालहरुको प्रयोग वृद्धि भइरहेको छ। प्रविधिको विकासलाई सकारात्मक रुपमा उपयोग गर्नुको सट्टा सामाजिक हितको विपरित प्रयोग गरेकाले सामाजिक सञ्जाल समाजमा आपराधिक कार्यहरुको माध्यम बनेको छ। यसको अधिकतम प्रयोगबाट बालबालिकाहरुमा यो कुलतको रुपमा विकास भइरहेको छ।

कुनै पनि व्यक्तिको इच्छा र अनुमति बिना तस्वीर लगायतका सामग्रीहरु विद्युतीय माध्यम दुरुपयोग गर्ने कार्य नै साइबर अपराध हो। सामाजिक सञ्जाल मार्फत अरुलाई दुःख दिने, मान-सम्मान गिराउने, चरित्र हत्या गर्ने बेइज्जत कार्यहरु साइबर अपराध अन्तर्गत पर्छन्।

साइबर अपराधले गर्दा मानिसले धेरै समस्याहरु भोग्नुपर्छ। उनीहरुले आफ्नो ज्यान जोखिममा राख्न पनि सक्छन्। नेपालमा धेरै मानिस साइबर अपराधका कारण मरेका छन्। मानसिक तनाव, गलत सन्देश प्रवाह, मानहानी हत्या र आत्महत्या आदि साइबर अपराधका कारणहरु हुन्। साइबर अपराधलाई सकेसम्म रोक्न आवश्यक छ। यदि यसलाई समयमै रोक्न सकिएन भने धेरै मानिसको जिन्दगी बिग्रन्छ र यसले उनीहरुको स्वास्थ्य पनि बिग्रन्छ। साइबर अपराध रोक्न हामीले सकेसम्म प्रयास गर्नुपर्दछ। अरुको मान-मर्यादामा आँच आउने वा अरुलाई हानी नोक्सानी नपार्ने प्रतिबद्ध रहने। कुनै व्यक्ति, जातजाति, धर्म, लिंग, पेशा आदिलाई लक्षित गरी गलत नियतबाट सामग्री निर्माण नगर्ने आदि साइबर रोकथाम गर्ने उपायहरु हुन्।

साइबर अपराध नियन्त्रणमा सबैजना सचेत हुनुपर्दछ। साइबर अपराधमा संलग्न हुँदा भोग्नुपर्ने दण्ड, सजायको बारेमा जानकारी गराउनुपर्दछ। सामाजिक सञ्जालमा कसैको विरुद्धमा राखिएका सामग्रीहरु लाइक र सेयर गर्नुहुँदैन।

*कक्षा-९, कमाने एकेडेमी*

# विद्यार्थी परिचय



**दिपेश चौधरी**
**कक्षा-१०, भुटनदेवी मावि**

दिपेश चौधरी हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थी हुनुहुन्छ। दिपेशले कक्षा ९ देखि भुटनदेवी माविमा पढ्न थाल्नुभएको हो। दिपेशको घरपरिवार रौतहट जिल्लामा हुनुहुन्छ। घरदेखि टाढा राम्रो शिक्षा हासिल गर्न कै लागि हेटौंडामा दिपेश दिदीसँग कोठामा बस्नुहुन्छ।

दिपेशको दिदी कक्षा ११ मा पढ्नु हुन्छ। दिपेशको बुवा शिक्षक हुनुहुन्छ। ७ कक्षासम्म दिपेशलाई खासै पढ्न मन लाग्दैन थियो। पढ्नुपर्छ भनेर दिपेशलाई अभिभावक, आफन्त र छरछिमेक धेरैले सम्झाउनु भयो। यसै क्रममा छिमेकी गाउँको शिक्षकले पढाईको महत्वबारे सम्झाउनुभयो। छिमेकी गाउँको शिक्षकसँग ट्युसन पढ्न थालेपछि दिपेशको पढाईमा सुधार आउन लाग्यो। दिपेशलाई पनि पढ्ने इच्छा जाग्न थाल्यो। अहिले दिपेश आफ्नो सेक्सनको प्रथम विद्यार्थी हुनुहुन्छ। दिपेशलाई मनपर्ने विषय गणित र विज्ञान हो।

दिपेशको बुवा अहिले सेवानिवृत्त भइसक्नु भयो। त्यसकारण घरको आर्थिक अवस्था कमजोर रहेको दिपेश भन्नुहुन्छ। दिपेश आफुले पढेर घरको अवस्था सुधार्ने प्रयासमा हुनुहुन्छ। दिपेशको भविष्यमा ईन्जिनियर बन्नु छ। विज्ञान विषयमा आफू जान्ने छु भन्दै भविष्यमा विज्ञानको क्षेत्रमा काम गर्न रुचिरहेको बताउनुहुन्छ।

दिपेशलाई चेस खेल धेरै मन पर्छ। मोबाईलमा चेस खेलसम्बन्धी भिडियोहरु नै धेरै हेर्ने गरेको दिपेश बताउनुहुन्छ। दिपेशले आफ्ना साथीहरुसँग चेस खेल्नुहुन्छ। अहिलेसम्म त कुनै प्रतियोगितामा दिपेश सहभागी हुनुभएको छैन। तर मौका मिले प्रतियोगितामा पनि सहभागी हुने ईच्छा राख्नुभएको छ।

# हावा



विदुषी हुमागाई

हावाको गतसिँगै
कहिले कता त
कहिले कता भुलेछु
अहिले म कसैका लागि
सिरसिरे भए भनेँ
कसैको लागि हुरी भएछु
जीवनमा कहिले
रफ्तारपूर्ण लक्ष्यतर्फ हिँड्दा
कयौं हावाका हुरीले जस्तै
डक्कर खाए भने
कहिले सरसर चल्दै गएछु

अन्योल त्यो भनाइ सुन्दा पनि
हार नमान्ने शक्तिको
सृजना होस् ममा
कयौँले सपनाको पङ्ख
काट्न खोज्दा पनि
लड्ने शक्ति होस् ममा

हावा जस्तै उड्न,
खुला हुन मन छ
आफ्नो गन्तव्यको खोजीमा
निरन्तर लडिरहँदा
संसारको आँखामा
राम्रो हुन पुग्छु होला
कसैका लागि तितो हुन्छु होला
तर अवस्य पनि
आफ्नो लक्ष्यमा पुगेर
सफलता प्राप्त गर्ने नै छु

*कक्षा ९, नवोदय शिशु सदन*

# प्रश्न



दिपिका योञ्जन

गुम्सिएका छन्
धुप्रै प्रश्नहरु
देश, व्यक्ति अनि
आफूसँग पनि
लाखौं प्रश्न
यी प्रश्नहरुले
कसैलाई ठेस त पर्दैन ?
अड्किएको छु म यहाँ

आफ्नासँग त प्रश्न
राख्न मिल्छ होला नि ?
समस्या म आफू त
होइन नि ?
किन यति धेरै प्रश्न
प्रश्नहरुले मलाई
भित्रैबाट पगालिसक्यो

यी प्रश्नहरु कसलाई सोध्नु
प्रश्नमा प्रश्न भेटिन्छ
भरिएको मेरो मष्तिष्क प्रश्नहरुले
दुई विचारको युद्धलाई
कसरी रोकूँ

उत्तर कोसँग छ
मलाई नसोध
भनिदेऊ मेरो
लाखौं प्रश्नका उत्तर
राख्छेछु यी प्रश्नहरु आफैंसँग
कसैलाई ठेस नपुग्ने
नसोचोस् यी प्रश्नै प्रश्नहरुले

*कक्षा ९, नवोदय शिशु सदन*

# आमा-बाबा



रितका माझी

आमाबाबा हाम्रो सास हो
आमाबाबा हाम्रो जीवन हो।

आमाले नौ महिना कोखमा राखी जन्म दिइन्
बाबाले हात समाएर हिँड्न सिकाए।

आमाबाबा हाम्रो खुशी हो
आमाबाबा हाम्रो मुटु हो।

आमाबाबाले हामीलाई हुर्काए, बढाए र पढाए
आमाबाबा नभएको भए हामी यो संसारमा हुन्थेनौं

आमाबाबा हाम्रो भगवान हो
आमाबाबा हाम्रो प्राण हो।

*कक्षा-७, श्रमिक मावि, हेटौँडा-४, कर्रा*

# मेरो जीवनको लक्ष्य



विसुमाया प्रजा

मेरो काम हो पढ्ने लेख्ने विद्यार्थी हुँ
जीवनमा यसरी नै अघि बढ्ने छु।

मेरो परिश्रम हो जीवनमा त्यसमै सफल हुन्छु
जिन्दगीको हरेक यात्रामा अघि बढ्दै जान्छु।

जीवन हाम्रो अपुरो हुन्छ लक्ष्य नै नभए
संसार हेर्ने दृष्टि के काम शिक्षा नै नपाए।

मेरो लक्ष्य डाक्टर बन्ने सबैको सेवा गर्नेछु
बिरामीको रोग उपचार गरी निको पार्नेछु।

*कक्षा-७, श्रमिक मावि, हेटौँडा-४, कर्रा*

# राम्रो गरौं



प्रशिल आचार्य

मेरो प्यारो देश नेपाल
सुन्दर शान्त विशाल
भन्छन् यसलाई
प्रकृतिको वरदान

असल काम गर्ने कर्तव्य हो हाम्रो
देशको नाम राख्ने कर्तव्य हो हाम्रो
हामी हुँदैनौं सानो कसैलाई मद्दत गरेमा
सहयोग गरौं कसैलाई परेमा

धेरै हिमाल पहाडको देश हो नेपाल
धेरै इमान्दारको देश हो नेपाल
गरौं सबैलाई सम्मान र आदर
बनौं हामी सबै बफादार

हामी हौं नेपाल आमाका सन्तति
कसलाई थाहा छ र के होला भोलि ?
राम्रो गरी राम्रो बनौं
यही न छ मेरो कामना

*कक्षा-८, नवोदय शिशु सदन*

# मेरो लक्ष्य



सुशील कुमार यादव

गाउँबाट देख्न आएँ यो सहर मायाले
बोकी ल्याएँ मिठो सपना देखेको यो आँखाले
सोचेको थिएँ पुरा गर्छु तर
गर्न पाएन विभिन्न कारणको दयाले

यता-उति यहाँ-त्यहाँ हिँडे रातदिन
गर्न सकिनँ केही भोकले तड्पे एकछिन
याद आयो त्यो मिठो खाना पकाउनुभएको आमाले
जान पाइनँ घर त्यो नभेटिएर लक्ष्य

हिम्मत हारिनँ गई पछाडि
मञ्जिल आयो मेरो अगाडि
बन्दै गए अगाडि हातमा हात मिलाई
बुबाले बाँड्नुभयो लड्, पेडा र मिठाई

याद आए घरको माया सोचे फेरी फर्की जाऊँ
एक्लो थिएँ यो सहरमा सोच एकचोटि भेटी जाऊँ
सोँचे पाइहाल्छु आमाबुबाको आर्शीवाद
रुन थाले धुरुधुरु बित्न त्यो रात

*कक्षा-१०, भुटनदेवि मावि, हेटौँडा-४*

# मेरी दिदी



मुस्कान खत्री

आमाले झैं माया गर्नुहुन्छ मलाई
पर्न दिनु हुँदैन केही पनि अप्ठ्यारो
सधैं रहनुभयो मेरो साथ
नगरी कहिले विश्वासघात

सबैको अगाडि खुसीले हाँस्दै
निस्वार्थ र पवित्र नाता गाँस्दै
मेरा लागि रहनुभयो सारा दुःख
मात्र राख्न मलाई सुख

छ त उहाँलाई मात्रै एउटा डर
पर्ने हो कि म कसैको भर
छैन अरु मलाई केहि कुराको चासो
मात्र देख्न चाहान्छु उहाँको मुहारमा हाँसो

उहाँ नै हो देवीको अवतार
मान्नु भएन उहाँले कहिल्यै हार
नलागी झुट र खराबको पक्ष
निरन्तर बढ्नु हुन्छ पाउन आफ्नो लक्ष्य

*कक्षा-१०, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौँडा-१०*

# घमण्ड नगर्नु



रीता कार्की

घमण्ड कहिले नगर्नु, त्यसले राम्रो गर्दैन।
खराब बानी त्यागे पुग्छ, असल बन्न पर्दैन।

धर्तीमा जन्मेपछि असल बनी अघि बढ्नु।
अरुले नराम्रो भने पनि मन कहिले नदुखाउनु।

कुरा काट्ने काट्दै गर्छन्, ध्यान कहिले नदिनु।
असल मान्छे बनी अघि बढ्नु, घमण्ड नगर्नु।

*कक्षा-७, श्रमिक मावि, हेटौँडा-४, कर्रा*

# राष्ट्रभाषा ऐन सम्बन्धमा प्रदेशसभा सदस्यसँग छलफल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा राष्ट्रभाषा ऐन सम्बन्धी प्रदेशसभा सदस्यसँग छलफल गरिएको छ। राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, नेवाः देय् दबु स्वनिगः विशेष प्रदेश र नेपाल तामाङ घेदुङ बागमती प्रदेशको संयुक्त आयोजनामा शनिबार हेटौंडामा छलफल गरिएको हो ।

छलफलमा प्रदेशसभामा प्रस्तुत बागमती प्रदेशको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक २०८० को व्यवस्था, संशोधनको व्यहोरा, संशोधनको कारण र आधारहरुसहितको संशोधन प्रस्तावबारे प्रस्तुतीकरण गरिएको थियो। कार्यक्रममा भाषा आयोगका सदस्य अमृत योञ्जन, भाषा विज्ञ प्रा.डा. ओमकारेश्वर श्रेष्ठ, अधिवक्ताद्वय शंकर लिम्बु र नरेश श्रेष्ठ तथा नेवाः देय् दबु स्वनिगः उपत्यका प्रदेश सदस्य श्रीकृष्ण महर्जनले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले छोटो समयमा धेरै मिहिनेत गरेर भाषासम्बन्धी विधेयक ल्याएको बताउँदै आवश्यक संशोधन गर्न सकिने बताउनुभयो । 'हामीले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक २ महिना भित्रै बनायौं,' उहाँले भन्नुभयो, 'जाति, भाषा, सामाजिक मोर्चा/संस्थासँग छलफल गरेर सुझाव लियौं र संस्थागतसँगै व्यक्तिगत सुझाव लिएर डेढ महिनामा खाका बनायौं ।'

भाषा विधेयकलाई पूर्णता दिन लिपीको कुरा चलेको भन्दै उहाँले त्यसलाई भाषा कानूनभित्र राखेर जाँदा राम्रो हुने जीकिर गर्नुभयो । विधेयक प्रदेश सभामा पेश भएपछि प्रदेश सभा सदस्य र पास भएपछि राज्यको सम्पत्ति बन्ने भन्दै भावी पुस्ताले गर्व गर्न लायक बन्नेमा जोड दिनुभयो। प्रदेश सभाकी पूर्व उपसभामुख राधिका तामाङले भाषा विधेयकलाई पूर्ण बनाउने र प्रभावकारी बनाउने सरकार, प्रदेश सभा सदस्य, आदिवासी जनजाति संघसंस्था र अगुवासँगै प्रदेशवासीको जिम्मेवारी रहेको बताउँनुभयो । प्रदेशको भाषाबारे सोचाई साँघुरो बनाउन नहुने भन्दै उहाँले फराकिलो सोच बनाएर अघि बढे भाषाको कार्यान्वयन र विकास हुने दाबी गर्नुभयो।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिं लामाले भाषा ऐन बनाउँदा सरल भाषामा बनाउनुपर्नेमा जोड दिँदै वा, अनि, अथवा जस्ता शब्द सकेसम्म राख्न नहुने बताउनुभयो । बागमती प्रदेश सभा सदस्य सरल सहयात्रीले विद्यालयमा भाषा पढ्ने वातावरण बनेमा भाषा दीर्घकालिन रुपमा संरक्षण हुने भन्दै भाषा आयोगले सरलीकरण गर्नुपर्ने तर्क गर्नुभयो । प्रदेश सभा सदस्य श्रीराम लामिछानेले भाषा संरक्षणसँगै आर्थिक, साँस्कृतिक र रहनसहनलाई पनि भाषा कानूनमा समेट्न सके समृद्धिमा सहयोग पुग्ने बताउनुभयो। प्रदेश सभा सदस्य प्रेमभक्त श्रेष्ठले आउँदो पुस्ताका लागि रञ्जना लिपीबारे सचेतना जगाउन भाषा कानूनमा व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

अर्का प्रदेश सांसद रमा आले मगरले ऐन बनाउनु स्वागत योग्य भएपनि नेवार र तामाङसँगै सुरेल, ह्यायु, सुनुवार लगायतको भाषाको संरक्षणमा पनि कानूनमा व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाई मन्त्री तीर्थबहादुर लामा, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकार, कृषि तथा पशुपन्छी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठ, संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन, वन तथा वातावरण मन्त्री मसिना खत्री, बागमती प्रदेशका सांसदहरु ललितपुरका प्रदेश सांसद रघुनाथ महर्जन, सिन्धुलीका रामकुमार पहाडी, हेटौंडा उपमहानगर पालिका वडा नम्बर २ का अध्यक्ष विष्णुगोपाल महर्जन लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी अध्यक्ष सुनी लामाको अध्यक्षतामा भएको कार्यक्रममा आदिवासी जनजाति संघसंस्थाको बागमती तथा मकवानपुर जिल्ला प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो ।

# नागस्वती भेट्रान्स फुटबल: उद्घाटन खेलमा चितवन र अभिषेक चर्च विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा मंगलबारदेखि दोस्रो नागस्वती भेट्रान्स खुला नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा-७, नागस्वतीस्थित नवज्योति खेल मैदानमा भएको पहिलो खेलमा चितवन भेट्रान्स र दोस्रो खेलमा अभिषेक चर्च विजयी भएको हो।

चितवन भेट्रान्सले सिमरा भेट्रान्सलाई ३-१ गोल अन्तरले पछि पार्दै उद्घाटन खेलमा विजयी हुन सफल भएको छ । त्यस्तै, अभिषेक चर्चले वीरगञ्ज सिटीलाई ट्राइब्रेकरमा ३-२ गोल अन्तरले पराजित गर्दै विजयी हुन सफल भएको हो ।

चितवनको तर्फबाट भुपेन्द्र कार्कीले पहिलो हाफको २१ औं मिनेटमा र दोस्रो हाफको २८ औं मिनेटमा गोल गरेका थिए भने दोस्रो हाफको ४० औं मिनेटमा रविन्द्र श्रेष्ठले १ गोल गरेका थिए । सिमरा भेट्रान्सको तर्फबाट मेघनाथ अधिकारीले दोस्रो हाफको २१ औं मिनेटमा १ गोल गरे पनि टिमलाई हारबाट जोगाउन सकेनन् ।

अभिषेक चर्च र वीरगञ्ज सिटीबीच भएको खेल निर्धारित समयमा गोलरहित बराबरीमा रोकिएपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । खेलको म्यान अफ द म्याच चितवनका भुपेन्द्र कर्की र अभिषेक चर्चका शंकर गोपाल खड्गी घोषित भए।

१६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख १ हजार रुपैयाँ र उपविजेता टिमले १ लाख १ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ ।

# सहिद आकाश मेमोरियल क्याम्पस सञ्चालन हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित रिलायन्स बोर्डिङ परिसरमा सहिद आकाश मेमोरियल क्याम्पस सञ्चालनमा आएको छ । यसै शैक्षिक शत्रबाट क्याम्पस सञ्चालन हुने भन्दै मंगलबार पत्रकार सम्मेलन गर्दै अध्यक्ष विजय गौतमले यसबारे जानकारी दिनुभयो ।

पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनबाट क्याम्पस सञ्चालन हुने बताइएको छ । क्याम्पसले स्नातक तह ४ वर्षे बीआईटी र बीबीएको शैक्षिक कार्यक्रम सञ्चालन गर्नेछ । क्याम्पस सञ्चालनका लागि ११ जनाको कार्यसमिति निर्माण भएको छ । समितिमा हेटौंडा उपमहानगरपालिका प्रमुख, जिल्ला समन्वय समिति प्रमुख र जिल्ला प्रशासन कार्यालयका प्रमुख पदेन सदस्यका रुपमा रहेका छन् ।

देशैभरिका सामुदायिक र प्राइभेट क्याम्पसको अवस्था अध्ययन गरी कसैको भन्दा पनि बढी शुल्क नहुने गरी शुल्क निर्धारण गरिएको जनाइएको छ । क्याम्पसको मुख्य उद्देश्य दक्ष सीप भएका जनशक्ति निर्माण गर्ने रहेको अध्यक्ष गौतमले जानकारी दिनुभयो। बीआईटीको लागि ५ लाख ३५ हजार शुल्क निर्धारण गरिएको र बीबीएको लागि ४ लाख २५ हजार शुल्क निर्धारण गरिएको गौतमले जानकारी दिनुभयो। प्रत्येक संकायमा ४८ जना विद्यार्थीलाई प्रवेश परीक्षा लिई भर्ना गरिने उहाँको भनाइ छ । प्रवेश परीक्षा तयारीका लागि तयारी कक्षासमेत सञ्चालनमा रहेको उहाँले बताउनुभयो ।

# डेंगु ज्वरोबारे सचेतना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, सानोपोखरास्थित सिद्धार्थ शिशु सदन माविमा रहेको युवा रेडक्रस कार्यसमितिका पदाधिकारीलाई डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायबारे जानकारी गराइएको छ । विद्यालयले मंगलबार आयोजना गरेको कार्यक्रममा युवा रेडक्रसका नवगठित कार्यसमितिका पदाधिकारीलाई डेंगु रोग र संक्रमणको जोखिम सम्बन्धमा जानकारी गराइएको विद्यालयका शिक्षक सुन्दर लुइटेलले बताउनु भयो । युवा रेडक्रस सर्कलका अध्यक्ष नवीन गोलेको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा विद्यालयका प्रिन्सीपल निर्मल पराजुलीको पनि उपस्थिति रहेको थियो ।

# युवा संगठनको ध्यनाकर्षण

समाज संवाददाता

हेटौंडाः युवा संगठन नेपालले जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख सूर्यप्रसाद सेढाइलाई ध्यानाकर्षणपत्र बुझाएको छ । सोमबार युवा संगठनको टोलीले ध्यानाकर्षणपत्र बुझाएको हो ।

पछिल्लो समयमा मौलाउँदै गएको महंगी, कालोबजारी, अखाद्य वस्तुको बिक्री वितरण र कृतिम अभावले चरम सीमा नाघ्दै गएको भन्दै प्रशासनको ध्यानाकर्षण गराइएको छ। खाद्य वस्तुहरु लुकाई कृतिम अभाव सृजना गर्ने, राज्यद्वारा निर्धारित गरिएको मुनाफा (२० प्रतिशत) भन्दा कैयौं गुणा बढी मुनाफा लिने तथा म्याद सकिएका अखाद्य वस्तुहरुको बिक्री वितरण गर्ने कार्य भइरहेको भन्दै मकवानपुरका प्रमुख जिल्ला अधिकारी सेढाइलाई ध्यानाकर्षण गराएको हो ।

संगठनको स्थापना कालदेखि भ्रष्टाचार, कालोबजारी, महंगी, कमिसनखोरी तथा देश र जनताको विरुद्धमा हुने सबै प्रकारका अन्यायको विरुद्धमा सशक्त प्रतिरोध गर्दै आइरहेको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ । बस्तुको खरिद मूल्यको २० प्रतिशतसम्म मुनाफा लिन पाउने राज्यको नियमविपरित सत प्रतिशत वा सोभन्दा बढी मुनाफा लिने कार्य व्यापकरुपमा बढेकाले उक्त कार्यहरुलाई नियन्त्रण गर्न आग्रह गरिएको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

# बालजागृतिका विद्यार्थीबीच गायन प्रतियोगिता



समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलले विद्यार्थीबीच गायन प्रतियोगिताको आयोजना गरेको छ । कक्षागत छनोट चरण पार गरी अन्तिम चरणमा सहभागी ७६ जनाले आफ्नो गायन कला प्रस्तुत गरेका छन् । सुनिता शर्मा लुइटेल र पूर्णविक्रम अधिकारीले अघिल्लो मंगलबार र हिजो मंगलबार दुई दिनमा विद्यार्थीको प्रस्तुतीपछि ३५ जना विद्यार्थीलाई छनोट गर्नुहुनेछ ।

कक्षा-१ देखि ३ सम्मका १५ जना, कक्षा ४ र ५ का ५ जना, कक्षा-६ देखि १० सम्मका १५ जना गरी ३५ जनाको एक समूह तयार पारिने विद्यालयका भाइस-प्रिन्सीपल अमूल श्रेष्ठले जानकारी दिनुभयो। ३५ जना विद्यार्थीको समूहको सहभागितामा विद्यालयले विद्यालय गीतसँगै दुईवटा बालगीत रेकर्डिङ गर्ने योजना रहेको श्रेष्ठको भनाइ छ । यस्तै दशैंअघि आयोजना गरिने साँस्कृतिक कार्यक्रममा पनि विद्यार्थीले गायनकला प्रस्तुत गर्नेछन् ।

गायनतर्फ घनश्याम ढकाल र वाद्यवादनतर्फ मनोज कुमार शाही प्रशिक्षकको रुपमा विद्यालयमा कार्यरत हुनुहुन्छ। विद्यालयमा गायन कला सिकेका विद्यार्थीबीच प्रतियोगितात्मक प्रस्तुतीले विद्यार्थीको व्यक्तित्व एवम् आत्मविश्वास बढाउने प्रयास भएको प्रिन्सीपल विनोद सुवेदीले जानकारी दिनुभयो । विद्यार्थीको प्रस्तुतीको मूल्यांकन गरिरहनुभएकी सुनिता शर्मा लुइटेलले गायनमा सहभागी विद्यार्थीको कलालाई अभिभावकले बुझेर नियमित प्रशिक्षणमा पनि जोड दिनुपर्ने प्रतिक्रिया दिनुभएको छ ।

# नवोदयमा पुस्तक परिचर्चा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित नवोदय शिशु सदनले कक्षा २ का विद्यार्थीहरुको 'बुक टक' तथा ब्याच वितरण कार्यक्रमको आयोजना गरेको छ। सोमबार आयोजित कार्यक्रममा १२ जना विद्यार्थीले आफूले अध्ययन गरेको किताबको बारेमा आफ्ना साथीहरु र अभिभावकमाझ प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा नृत्य प्रदर्शनीसमेत गरिएको थियो । तह ३ मा पुगी ब्याच लगाउन उनीहरुले २५० वटा पुस्तक अध्ययन गर्नुपर्ने कुरा कक्षा २ का शिक्षक सम्झना थापाले जानकारी गराउनुभयो ।

कक्षा २ की छात्रा अनुष्मा रिमालको अध्यक्षताको भएको कार्यक्रममा साहित्यकार तथा पत्रकार केशव समर्पणको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा साहित्यकार हरिप्रसाद पौड्यालको विशिष्ट आतिथ्य रहेको थियो । विद्यार्थीमा पठन संस्कृतिको विकासका लागि उनीहरुले २५० वटा पुस्तक पढेर त्यसको भिडियो गुगलमा राखेपछि तह ३ मा पुग्छन् । त्यसपछि १०० वटा पुस्तकको समीक्षा गरेपछि बल्ल पुस्तक परिचर्चा कार्यक्रममा सहभागी हुने कुरा नेपाली भाषा विभाग प्रमुख तथा माध्यमिक तहका संयोजक सिएम रिमालले जानकारी दिनुभयो। हरेक महिना यो कार्यक्रमको आयोजना गर्ने गरिएको साथै उनीहरुले अध्ययन गरेको विषयलाई सिर्जनात्मक ढङ्गले प्रस्तुती गर्ने क्षमताको विकास गराउन कार्यक्रमको आयोजना गरिएको रिमालले जानकारी दिनुभयो ।

स्वादिष्ट नेवारी खाजा
अब होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५% दशैं विशेष अफर
AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटर: अंकित ढकाल
९८५५०-६२९७७

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५०००।- वा सो भन्दा बढी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरु
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ